आज मिति २०८१ साल फागुन २१ गते बुधवारका दिन विहान ९ : ०० बजे गेरुवा गाउँपालिकाका अध्यक्ष श्री जमान सिं के.सी. ज्यू को अध्यक्षतामा गाउँ कार्यपालिकाको आ.व.२०८१/०८२ को चौधौं बैठक बसी तपसिलको उपस्थितिमा देहायको निर्णय पारित गरियो।

तपसिल

| क्र.सं | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री जमान सिं के.सी. | अध्यक्ष | |
| २ | श्री लक्ष्मी कुमारी चौधरी | उपाध्यक्ष | |
| ३ | श्री कर्म प्रसाद चौधरी | १ नं वडा अध्यक्ष | |
| ४ | श्री कृष्ण थारु | २ नं वडा अध्यक्ष | |
| ५ | श्री निर्मल चौधरी | ३ नं वडा अध्यक्ष | |
| ६ | श्री महेन्द्र प्रसाद चौधरी | ४ नं वडा अध्यक्ष | |
| ७ | श्री धर्म प्रकाश थारु | ५ नं वडा अध्यक्ष | |
| ८ | श्री कृष्ण गोपाल चौधरी | ६ नं वडा अध्यक्ष | |
| ९ | श्री हिरा चौधरी | कार्यपालिका सदस्य | |
| १० | श्री दुर्गा कुमारी छिनाल | कार्यपालिका सदस्य | |
| ११ | श्री श्यामपति चौधरी | कार्यपालिका सदस्य | |
| १२ | श्री लक्ष्मी सोनाहा | कार्यपालिका सदस्य | |
| १३ | श्री भिम कुमारी लोहार्नी | कार्यपालिका सदस्य | |
| १४ | श्री नर बहादुर चन्द | सदस्य सचिव | |

| सहजिकरण गर्ने | | | |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |

गेरुवा गाउँपालिकाको आ208.व.१/०८२ को चौधौं कार्यपालिका बैठकको कार्यसूची

मिति : २०८१/११/२१ समय : विहान ९ 00ः बजे

बैठकका प्रस्तावहरुः

१. पाताभार स्वास्थ्य चौकी व्यवस्थापन समिति लाइ सहयोग सम्बन्धमा।

२. निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धमा ।

गेरुवा गाउँ कार्यपालिकाको आ.व.२०८१/०८२ को चौधौं बैठकमा प्रस्तुत भएका प्रस्ताव र निर्णयः

बैठक मिति 208 :१/११/२१ समय विहान :९:०० बजे

बैठकको अध्यक्षता : जमान सिं के.सी.

**प्रस्ताव नं :१**

| |
|---|
| **प्रस्तावको विषय** : पाताभार स्वास्थ्य चौकी व्यवस्थापन समिति लाइ सहयोग सम्बन्धमा । |
| **निर्णयको कानूनी आधारहरु :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७ |
| **निर्णय हुनु पर्ने विषय :** पाताभार स्वास्थ्य चौकी व्यवस्थापन समिति लाइ रु. ३ लाख सहयोग गर्ने । |
| **भएको निर्णय** : यस गेरुवा गाउँपालिकाका वडा नं. ३ स्थित पाताभार स्वास्थ्य चौकीमा एम्बुलेन्स सेवा उपलब्ध रहेकोमा सोको व्यवस्थापन गर्न स्वास्थ्य चौकी लाइ समस्या भइरहेकोले यस गाउँपालिकाको विपद् व्यवस्थापन कोष बाट भुक्तानी दिने गरी स्वास्थ्य चौकी तथा एम्बुलेन्स व्यवस्थापन लगाएतका कार्यका लागी रु. ३०००००।- (अक्षेरेपी : तीन लाख मात्र) रकम सहयोग गर्ने निर्णय गरियो । |

**प्रस्ताव नं :२**

| |
|---|
| **प्रस्तावको विषय** : निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धमा । |
| **निर्णयको कानूनी आधारहरु :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७ |
| **निर्णय हुनु पर्ने विषय :** यस गाउँपालिकाको "घ" बर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५" बमोजिमको आधारहरु पुरा गरेका निर्माण व्यवासायी लाइ निर्माण व्यवासायी इजाजत पत्र प्रदान गर्ने । |
| **भएको निर्णय** : यस गेरुवा गाउँपालिकामा निर्माण व्यवसायी इजाजत पत्रको लागी आवेदन दिएका तपशिलका निर्माण व्यवसायीहरुले यस गाउँपालिकाको "घ" बर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५ को अनुसूची ५ बमोजिमको आधारहरु पुरा गरेको पाइएकोले उक्त निर्माण व्यवसायीहरु लाइ "घ" बर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने निर्णय गरियो ।<br>**<u>तपशिल</u>**<br>१. एम.डि. कन्स्ट्रक्सन, गेरुवा ५, बर्दिया । - प्रो. निर्मला शाही |
| <u>प्रमाणिकरण गर्ने-:</u><br><br>नामथर :नर बहादुर चन्द<br>कार्यपालिका सचिव एवं प्रमुख प्रशासकीय अधिकृत<br>मिति 208 :१/११/२१ |